# स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो बोनो) सम्बन्धी निर्देशिका, २०७५

**प्रस्तावना:**

प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुने र असमर्थ पक्षलाई कानून बमोजिम नि:शुल्क कानूनी सहायता पाउने हक हुने नेपालको संविधानको धारा २० मा प्रावधान भएको र स्वेच्छिक कानूनी सहायताको लागि आवश्यक व्यवस्था मिलाउन, आर्थिक रुपले कमजोर सामाजिक रुपले पछाडि पर्न गई आफ्नो कानूनी हक हित र अधिकारको संरक्षण गर्न असमर्थ पक्षलाई न्यायमा छिटो, सहज सुलभ पहुँच पुऱ्याउन र नेपाल बार एशोसिएशनको भूमिकालाई प्रभावकारी वनाई स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन ईच्छुक कानूनी व्यवसायीको सेवालाई प्रभावकारी तथा व्यवस्थित गरी त्यस्ता नागरिकको न्यायमा पहुँच अभिवृद्धि गर्न आवश्यक देखिएकोले,

नेपाल बार एशोसिएशनको विधान २०४८ को धारा ५३ (१) बमोजिम नेपाल बार एशोसिएशनको ४५औं कार्यकारिणी परिषद एवं बार्षिक साधारण सभा (भक्तपुर) बाट यो निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकालाई "स्वेच्छिक नि:शुल्क कानूनी सेवा(प्रो बोनो) सम्वन्धी निर्देशिका, २०७५" भनिनेछ ।

(२) यो निर्देशिका आजैका मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा तथा पारिभाषिक शब्दावली:**

क."**विधान**" भन्नाले नेपाल बार एशोसिएशनको विधान २०४८ (संसोधन सहित) लाई सम्झनु पर्दछ ।

ख. "**असमर्थ पक्ष**" भन्नाले बिपन्न, असहाय तथा असक्षम व्यक्ति सम्झनु पर्दछ ।

ग. "**अदालत**" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत सम्झनु पर्दछ र सो शव्दले न्यायाधिकरण, अर्द्धन्यायिक निकाय वा प्रचलित कानून बमोजिम मुद्दाको सुनवाई कारवाही र किनारा तथा फैसला कार्यान्यन गर्न अधिकार प्राप्त निकाय समेतलाई सम्झनु पर्दछ ।

घ. "**स्वेच्छिक नि:शुल्क कानूनी**" सेवा भन्नाले कुनै शुल्क नलिई स्वेच्छिक रुपमा सार्वजनिक हितका लागि कानून व्यवसायीले यस निर्देशिका बमोजिम असमर्थ व्यक्ति अर्थात् असहाय, अशक्त, नावालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिलाई दिईने कानूनी राय सल्लाह, लिखत मसौदाको तयारी त्यस्तो व्यक्तिको तर्फबाट अदालतमा गरिने वहस पैरवी फैसला कार्यान्वयन सम्वन्धि काम तथा कानूनी कारवाहीका सम्वन्धमा दिईने अन्य कानूनी सेवा समेतलाई सम्झनु पर्दछ ।

०७६।०३।२६

नेपाल बार एशोसिएशन ★ Nepal Bar Association

ङ. **"कानून व्यवसायी"** भन्नाले भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० बमोजिम परिभाषित गरिएका कानून व्यवसायी सम्झनु पर्छ ।

३. **<u>स्वेच्छिक तथा नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायी:</u>** (१) कानूनी सेवा उपलब्ध गराईरहेका कानून व्यवसायीले यस निर्देशिका बमोजिम नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम नि:शुल्क कानूनी सेवा उपलब्ध गराइ आएका कानून व्यवसायीको प्रत्यक्ष नियन्त्रण, निर्देशन र सुपरिवेक्षणमा रही कम्तिमा कानूनमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुले स्वेच्छिक तथा नि:शुल्क कानून सेवा उपलब्ध गराउने प्रकृयामा सहभागी हुन चाहेमा आफूले अध्ययन गरेको क्याम्पस वा विश्व विद्यालयबाट सिफारिस लिई आएमा स्वेच्छिक तथा नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन सहयोगी भूमिका खेल्न सक्ने छन् ।

४. **<u>स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहनेको दर्ता:</u>** (१) यस निर्देशिका बमोजिम नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहनेका लागि प्रत्येक अर्थिक वर्ष शुरु हुनु भन्दा १ महिना अगाडि नेपाल बार एशोसिएशनका प्रत्येक एकाईले दफा ३ बमोजिमका कानून व्यवसायी मध्येबाट सुचीकृत हुन सार्वजनिक आव्हान गर्ने छ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक आव्हान भएपछि यस निर्देशिका बमोजिम नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहने दफा ३ बमोजिमका कानून व्यवसायीले आफ्नो नाम, थर कानून व्यवसायी प्रमाण पत्र नं. सम्पर्क टेलिफोन मोबाईल नं. ठेगाना सहितको आवश्यक विवरण खुलाई नेपाल बार एशोसिएशन वा यसका एकाई मा अनुसूची-१ को ढाँचामा निवेदन दिनुपर्ने छ ।

(३) नेपाल बार एशोसिएशनका प्रत्येक एकाईहरुले आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र त्यस आर्थिक वर्षमा स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहने दफा ३ बमोजिमका कानून व्यवसायीहरुको अनुसूची-२ बमोजिमको अभिलेख तयार गरी सोको प्रति सम्बन्धित अदालत र नेपाल बार एशोसिएशनमा पठाउनु पर्नेछ र आफ्नो सूचना पाटीमा समेत टाँस गर्नुपर्ने छ ।

५) **<u>कानून व्यवसायीको सुची तयार गर्ने:</u>**

(१) नेपाल बार एशोसियशनका प्रत्येक एकाईले स्वेच्छिक रुपमा नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायीको एकिकृत अभिलेख अनुसुची ३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) उप दफा १ बमोजिमको सूचीमा नाम रहेका कानून व्यवसायीले कुनै कारणबाट स्वच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन नसक्ने भएमा वा त्यस्तो कानून व्यवसायीको मृत्यू भएमा सम्वन्धित बार एकाई आफैले वा त्यस्तो सेवा उपलब्ध गराउन नसक्ने गरी सुचीमा रहेका कुनै कानून व्यवसायीले लिखित जानकारी दिएमा संम्वन्धित बार एकाईहरुले त्यस्तो कानून व्यवसायीको नाम सूचीबाट हटाउने छ ।

(३) स्वेच्छिक नि:शुल्क कानूनी सेवा दिइरहेका कानून व्यवसायीले कुनै कारणबाट सेवा दिन नसक्ने अवस्था भएमा निजको कानूनी कार्यालयका अन्य कानून व्यवसायी वा अन्य इच्छुक कानून व्यवसायीले सेवा उपलब्ध गराउन सक्नेछ ।

६) **स्वेच्छिक नि:शुल्क कानूनी सेवा प्राप्तीको लागि निवेदन दिन सक्ने:**

(१) यस निर्देशिका बमोजिम स्वेच्छिक कानूनी सेवा लिन चाहने असमर्थ पक्षले अनुसुची ४ बमोजिमको ढाचामा अदालत, सम्वन्धित बार एकाई वा कानून व्यवसायीको कार्यालयमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्वन्धित पक्षले कानून व्यवसायीको कार्यालयमा निवेदन दिएमा सम्वन्धित कानून व्यवसायीले सो को जानकारी अदालत, संम्वन्धित बार एकाईमा दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्वन्धित बार एकाईले कानून व्यवसायीबाट स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराएको जानकारी प्राप्त भए पछि सोको जानकारी सम्वन्धित अदालतमा पठाउनु पर्नेछ ।

७) **दोहोरो पर्ने गरी स्वेच्छिक कानूनी सेवा उपलब्ध नगराइने:**

(१) केन्द्रिय कानूनी सहायता समिति, बैतनिक कानून व्यवसायी र अन्य कुनै संस्थाबाट नि:शुल्क कानूनी सेवा लिई रहेका पक्षलाई दोहोरो पर्ने गरी यस निर्देशिका बमोजिम स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराईने छैन ।

(२) एकै पक्षलाई एक जनाभन्दा बढी कानून व्यवसायीबाट स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराईने छैन ।

तर काबु बाहिरको परिस्थितीमा तोकिएको कानून व्यवसायीले स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा त्यस्तो पक्षलाई अर्को कानून व्यवसायीको सेवा उपलब्ध गराउन बाधा पर्ने छैन ।

८) **स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहने कानून व्यवसायीको छनौट:**

(१) दफा ६ बमोजिम स्वेच्छिक नि:शुल्क कानूनी सेवा माग गरी बार एकाईमा निवेदन पर्न आएमा सम्वन्धित बार एकाईले दफा ४ बमोजिम सूचीमा रहेका कानून व्यवसायीहरु मध्येबाट विषय वस्तु र विज्ञताका आधारमा पक्षलाई कानून व्यवसायी रोज्न दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम कानून व्यवसायी रोज्दा कानून व्यवसायीले वार्षिक रुपमा स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध गराउन चाहेको संख्यामा कानूनी सेवा उपलब्ध गराई सकेको वा कानून व्यवसायीले सहायता उपलब्ध गराउन चाहेको मुद्दाको प्रकृती भन्दा फरक प्रकृतीको मुद्दा रहेमा उपयुक्त कानून व्यवसायी रोज्न निवेदकलाई सम्वन्धित बार एकाईले सहयोग गर्न सक्नेछ ।

९. **कानून व्यवसायीसंग सम्पर्क गराउने:**

नेपाल बार एशोसिएशन Nepal Bar Association

(१) दफा ८(१) बमोजिम कानून व्यवसायी रोजेमा वा दफा ८(२) बमोजिम कानून व्यवसायी उपलब्ध भएमा पक्षलाई सम्वन्धित कानून व्यवसायीको सम्पर्क ठेगाना तथा फोन नंम्वर सहित सम्पर्क गराई दिनु पर्नेछ ।

१०. **अदालतबाट जानकारी लिनेः**

(१) यस निर्देशिका बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराएको मुद्दामा फैसला वा अन्तिम आदेश भए पछि सम्वन्धित अदालतलाई सम्वन्धित बार एकाइले अभिलेखको लागी जानकारी दिन अनुरोध गर्नेछ ।

११. **अभिलेख राख्नेः**

(१) सम्वन्धित बार एकाईले यस निर्देशिका बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराएका कानून व्यवसायीको अनुसुची ५ बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्नेछ ।

(२) प्रत्येक बार एकाईले अनुसुची ५ बमोजिम आर्थिक बर्ष समाप्त भएको १५ दिन भित्र प्रत्येक बर्ष आफ्नो बार एकाई मार्फत स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराएका कानून व्यवसायी तथा मुद्दाको एकिकृत विवरण तयार गरी नेपाल बार एशोसियशनलाई पठाउनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम प्राप्त विवरणको आधारमा नेपाल बार एशोसियशनले एकिकृत विवरण तयार गरी त्यसको एक प्रति न्याय परिषदको सचिवालय, सर्वोच्च अदालत, न्यायमा पहुंच आयोगको सचिवालय, नेपाल कानून व्यवसायी परिषद र केन्द्रिय कानूनी सहायता समितिमा पठाउनु पर्नेछ ।

१२) **स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायीको आचरणः**

(१) कानून व्यवसायीको प्रचलित व्यवसायीक आचार संहिताका अतिरिक्त यस निर्देशिका बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराउने कानून व्यवसायीले देहायको आचरण पालना गर्नु पर्नेछ ।

(क) स्वेच्छिक निःशुल्क कानूनी सेवा उपलब्ध गराईएको पक्ष र कानून व्यवसायी विचको कुराको गोपनियता कायम गर्ने ।

(ख) पक्षले नै चाहेको अवस्था वा कानून व्यवसायीको काबु बाहिरको परिस्थितीमा बाहेक पक्षवाट मुद्दा जिम्मामा लिए पछि विचैमा छाड्न नमिल्ने ।

(ग) खण्ड (ख) बमोजिम मुद्दाका पक्षले नै चाहेको अवस्था वा कानून व्यवसायीले छोड्नु परेमा त्यसको जानकारी सम्वन्धित बार एकाई, सम्वन्धित अदालत, कानून व्यवसायी र पक्षलाई दिने ।

(घ) पक्षको अधिकतम हितमा काम गर्ने ।

(ङ) पक्षवाट कुनै पनि शुल्क लिन नहुने ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

१३) <u>सेवाको सम्वन्धमा गुनासो वा सुझावहरु:</u>

(१) यस निर्देशिका वमोजिम उपलब्ध गराईएको स्वेच्छिक नि:शुल्क कानूनी सेवाको सम्वन्धमा मुद्दाका पक्ष वा अन्य सरोकारवालाको कुनै गुनासो वा सुझाव भएमा लिखित रुपमा नेपाल बार एशोसियशन वा सम्वन्धित बार एकाईमा दिन सकिनेछ ।

(२) उपदफा (१) वमोजिम बार एकाईमा गुनासो वा सुझाव प्राप्त भएमा त्यसको जानकारी नेपाल बार एशोसियशन र कानून व्यवसायी परिषद समेतलाई दिनु पर्नेछ ।

१४) <u>अनुगमन तथा मुल्यांकन</u>

(१) यस निर्देशिका वमोजिम उपलब्ध गराईएको स्वेच्छिक नि:शुल्क कानूनी सेवाको प्रभावकारीताको विषयमा नेपाल बार एशोसियशनले समय समयमा अनुगमन तथा मुल्यांकन गर्नेछ । स्वेच्छिक नि:शुल्क कानूनी सेवाको प्रभावकारीता र उपयोगिताको विषयमा अनुगमन तथा मुल्यांकन गर्न नेपाल बार एशोसियशनले निश्चित मापदण्ड निर्धारण गरी केन्द्रिय कार्य समितिका पदाधिकारी वा सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम अनुगमन तथा मुल्यांकन गर्दा स्वेच्छिक नि:शुल्क कानूनी सेवाको प्रभावकारीताको लागी कुनै सुधार गर्न आवश्यक भएमा नेपाल बार एशोसियशनले आवश्यकता अनुसार यस निर्देशिकाको संशोधन एवं आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

१५) **<u>नक्कल कागजहरु :</u>** स्वेच्छिक नि:शुल्क कानूनी सेवा दिई रहेका मुद्दाका कागजातहरु सम्वन्धित अदालतबाट नि:शुल्क उपलब्ध गराई दिन नि:शुल्क कानूनी सेवा उपलब्ध गराउने कानूनी व्यवसायीले सम्वन्धित अदालतलाई अनुरोध गर्न सक्नेछ ।

१६) **<u>पुरस्कार :</u>** नेपाल बार एशोसिएशनले उत्कृष्ट स्वेच्छिक नि:शुल्क कानूनी सेवा दिई रहेका कानून व्यवसायीहरु मध्येबाट उचित आधार र कारण सहित मुल्यांकन गरी त्यस्तो स्वेच्छिक नि:शुल्क कानूनी सेवा उपलब्ध प्रदान गर्ने कानून व्यवसायीलाई सम्मान एवं पुरस्कृत गर्न सक्नेछ ।

१७) <u>कर छुट:</u> स्वेच्छिक नि:शुल्क कानूनी सेवा दिएका कानून व्यवसायीलाई स्वेच्छिक नि:शुल्क कानूनी सेवा प्रदान गरेका आधारमा कर छुटका लागि सम्वन्धित निकायमा नेपाल बार एशोसियशनले आवश्यक पहल गर्ने छ ।

नेपाल बार एशोसिएशन
Nepal Bar Association

## अनुसूची-१

### दफा ४ को उपदफा (२) सँग सम्वन्धित

श्री अध्यक्ष ज्यू

....................बार एकाई

विषय: **स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउने सम्बन्धमा ।**

उपरोक्त विषयमा चालु आ.व..............को लागि ...............प्रकृतिको मुद्दामा वा .........वटा मुद्दामा लिखत मस्यौदा, बहस पैरवी तथा कानूनी परामर्श सेवामा स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउन इच्छा भएकोले सोको जानकारी यसै साथ गराउन चाहन्छु ।

मिति:
निवेदक
नाम थर:
(वरिष्ठ अधिवक्ता/ अधिवक्ता)
प्रमाणपत्र नं.
कार्यालयको नाम:
सम्पर्क नं.

नेपाल बार एसोसिएशन
Nepal Bar Association

## अनुसूची-२

### दफा ४ को उपदफा (३) सँग सम्बन्धित

स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउन चाहने कानून व्यवसायीहरुको सूची

नेपाल बार एसोशिएसन

....................बार एकाई

स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराउन चाहने कानून व्यवसायीहरुको सूची

| क.स. | कानून व्यवसायीको नाम र थर | प्रमाण पत्र नं. | सम्पर्क ठेगाना फोन नं. | मुद्दाको प्रकृति | कानूनी सेवा उपलब्ध गराउने मुद्दाको वार्षिक संख्या | | | सेवा उपलब्ध गराउन चाहेको अदालत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मस्यौदा | वहस | परामर्श वा अन्य सेवा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-३

### दफा ५ को उपदफा (१) सँग सम्बन्धित

स्वेच्छिक निःशुल्क कानूनी सेवा (प्रो बोनो) उपलब्ध गराउने कानून व्यवसायीहरुको अभिलेख

नेपाल बार एसोशिएसन

............................बार एकाई

| क.स. | कानून व्यवसायीको नाम र थर | प्रमाण पत्र नं. | सेवा प्राप्त गर्ने व्यक्तिको नाम र थर ठेगाना फोन नं. | मुद्दाको प्रकृति | कानूनी सेवा उपलब्ध गराएको मुद्दाको | | | एक बर्षमा सेवा उपलब्ध गराएको सख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | बादीको नाम थर | प्रतिवादीको नाम थर | अदालत | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-४

## दफा ६ को उपदफा (१) सँग सम्वन्धित

स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो वोनो) माग गर्नका लागि पक्षले दिने निवेदन

श्री ....................बार एकाई

नेपाल बार एसोशिएसन

....... कानूनी सेवा कार्यालय

मार्फत ..........अदालत, ....... कानूनी सेवा कार्यालय

<u>विषय:</u> **स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो वोनो) उपलब्ध गराई दिने सम्बन्धमा ।**

उपरोक्त विषयमा मलाई ..............विषयमा मुद्दा गर्नु परेको/..............अदालतमा दायर भएको मुद्दामा आफै कानून व्यवसायी राखी कानूनी लिखत मस्यौदा, वहस पैरवी तथा कानूनी परामर्श सेवा लिन आर्थिक अभावका कारणले असमर्थ भई स्वेच्छिक नि:शुल्क कानूनी सेवाको आवश्यकता परेकोले तपसिल बमोजिमका कागजातहरु राखी स्वेच्छिक नि:शुल्क कानूनी सेवा पाउनका लागि अनुरोध गर्दछु ।

तपसिल

१

२

यसमा लेखिएको व्यहोरा ठिक साचो छ भुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति:

निवेदक

नाम थर:

ठेगाना

सम्पर्क नं.

२०७८/०२/२३

नेपाल बार एशोसिएशन ★ Nepal Bar Association

## अनुसूची-५

### दफा ११ को उपदफा (१) र (२) सँग सम्बन्धित

### स्वेच्छिक नि:शुल्क कानूनी सेवा (प्रो बोनो) उपलब्ध गराएको विवरण

**अवधि: २०. . . . . . . . . . . देखि . . . . . . . . . . सम्म**

| क.स. | कानून व्यवसायीको नाम र थर | प्रमाण पत्र नं. | सम्पर्क ठेगाना फोन नं. | सेवा प्राप्त गरेको व्यक्तिको नाम र थर ठेगाना फोन नं. | कानूनी सेवा उपलब्ध गराएको मुद्दाको बार्षिक सख्या | | | मुद्दाको अन्तिम आदेश वा फैसला | सेवा उपलब्ध गराएको मुद्दाको सख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बादीको नाम, थर | प्रतिबादीको नाम थर | मुद्दाको नाम र अदालत | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| | | | | | | | | | |

नेपाल बार एशोसिएशन

Nepal Bar Association